# पत्रपत्रिकामा जनजातिः विवरणात्मक समीक्षा

**शेखर पराजुली**

### विषय परिचय

नेपालमा २००७ सालदेखि नै जनजातिका आवाजहरू संगठित हुन थाले पनि यसले अपेक्षाकृत गति लिन सकेन। पंचायत काल भर त झन् यो आवाज सुषुप्त नै रह्यो। तर २०४६ सालको ऐतिहासिक जन-आन्दोलन पश्चात् प्रजातान्त्रिक खुला परिवेशमा फेरि एक पटक देशका सबै समुदाय, जाति र वर्गमा स्वतन्त्रता र मुक्तिका आकांक्षाहरूको बीजारोपण हुन पुग्यो। यिनै आकांक्षाहरूको अभिव्यक्ति स्वरूप संगठन विस्तारका साथमा विभिन्न किसिमले जातीय आन्दोलनका गतिविधिहरू संचालन हुँदै आइरहेको पाइन्छ। प्रजातन्त्र पुनर्स्थापना पछिका वर्षहरूमा नेपाली प्रेस जगतले पनि लामो फड्को मारिसकेको छ। यस्तो परिस्थितिमा समाजमा विद्यमान बहुजातीय संरचनाको कदर गर्दै सबै समूह, वर्ग र जात जातिका बारेमा समाचार र विचारहरूको प्रवाह गर्नु यहाँ प्रकाशित हुने पत्र-पत्रिकाको दायित्व हुन आउँछ। जातीय मुक्ति आन्दोलनका लागि यस सम्बन्धी सूचनाहरूको प्रचार प्रसार गरेर सकारात्मक जनमतको सृजना गर्नमा प्रेस जगतको भूमिका गरिमापूर्ण हुने कुरामा कसैको दुई मत नहोला।

प्रजातन्त्र प्राप्ति पछिका यी वर्षहरूमा नेपाली छापाहरूले जनजातिका सवाललाई कसरी प्रस्तुत गरेका छन् त? यस सम्बन्धी गतिविधिको सूचना प्रवाह र समाचारको सम्प्रेषण उचित मात्रामा र उचित तरिकाले हुन सकेको छ कि छैन? यी प्रश्नहरू जनजाति आन्दोलनमा सहयोगी सोचाइ र चासो राख्ने हरेकका लागि अत्यन्त सान्दर्भिक छन् भने स्वयं आन्दोलनमा लाग्नेहरूका लागि अझ बढी महत्वका देखिन्छन्। यहाँ यसै विषयलाई अध्ययन गरी विश्लेषण गरिएको छ।

यस अध्ययन भित्र मूल प्रवाहका ३ वटा दैनिक, १७ वटा साप्ताहिक, र ५ वटा म्यागेजिनहरूलाई समेटिएको छ (हेर्नहोस् अनुसूची)।

यस अध्ययनमा विषय वस्तु विश्लेषणको परम्परागत शैली अनुसार समाचार र लेखको संख्यागत विश्लेषण गरिएको छैन। कुन पत्रिकाले जनजाति सम्बन्धी कतिवटा समाचार वा लेख प्रकाशित गऱ्यो भन्ने तिर नगई नेपाली छापाले जनजातिका सवाललाई कसरी चित्रण गरेका छन् भन्ने कुरामा यो अध्ययन सीमित रहेको छ। यो एक विवेचनात्मक अध्ययन हो र यसको गुणात्मक पक्षमा नै हाम्रो ध्यान केन्द्रित भएको छ।

*Studies in Nepali History and Society* 5(1): 227-249 December 2000
© CSRD

पर्याप्त स्रोत, साधन र समयको अभावले गर्दा सबै कालखण्डमा प्रकाशित भएका सबै पत्र पत्रिकालाई यस अध्ययनमा समेट्न सकिएको छैन। तर छनौट भएका यी पत्रिकाहरूले प्रजातन्त्रको पुनर्स्थापना पछि जनजातिका सम्बन्धमा प्रेस जगतको दृष्टिकोणको प्रतिनिधित्व गर्छन् भन्ने हाम्रो मान्यता छ। छापामा जनजाति गतिविधि सम्बन्धी सूचना र विचारहरू मुख्यतया तीन किसिमले प्रवाहित भएको देखिन्छ।

**रिपोर्टिङ्ः** जनजातिका गतिविधि र कार्यक्रमहरूका बारेमा हुने समाचार सम्प्रेषणको सामान्य प्रक्रियालाई यस खण्ड अन्तर्गत राखिएको छ। जनजातिले गर्ने गोष्ठी, छलफल, सभा, सम्मेलन, संगठन, अधिवेशन, प्रकाशन लगायत अन्य कार्यक्रमहरूको जानकारी यी रिपोर्टिङ्का समाचारमा पाइन्छ। यस किसिमका समाचारमा कार्यक्रम र गतिविधिको विवरण प्रस्तुत गरिदिने बाहेक अन्य वैचारिक र सैद्धान्तिक वहस भेटिदैन।

**खोजमुलक लेखः** जनजातिका जन जीवन, संस्कार, संस्कृति र गतिविधिका बारेमा सोध खोज, अनुसन्धान र स्थलगत अध्ययन गरी लेखिएका लेखहरू पनि नेपाली छापामा देखा पर्ने गरेका छन्। यस्ता लेखहरूका लागि तुलनात्मक रूपमा समय, स्रोत र साधनको साथै दक्ष पत्रकारको समेत आवश्यकता पर्दछ। यिनै कुराको अभावले नेपाली छापामा देखिएका खोजमुलक लेखमा सतहीपन ज्यादा फेला पर्छ।

**विचारलेखः** जनजातिका बारेमा उनीहरूका समस्याका बारेमा र उनीहरूका कार्य सम्पादनका बारेमा वैचारिक र सैद्धान्तिक बहसलाई प्रकाशनले विचार लेख मार्फत समेटेको पाइन्छ। प्रकाशनको आफ्नै विचार सम्पादकीय मार्फत व्यक्त गरिएको हुन्छ भने प्रकाशसँगै सम्वद्ध र असम्वद्ध अन्य व्यक्तिहरूको वैयक्तिक विचारहरू यस किसिमका लेखहरूमा पाइन्छ।

रिपोर्टिङ्ग खण्डमा प्रकाशनका आफ्नै सम्वाददाताले प्रेषित गरेका समाचार प्रकाशित हुने भएकाले कसले लेखेको हो भनेर स्पष्ट थाहा हुन सक्दैन, तर पत्रकारहरूको सर्वेक्षणले जनजातिको संख्या न्यून देखाएकोले यस्ता सम्वाददाताहरू गैर जनजाति नै धेरै भएको अनुमान गर्न सकिन्छ।[१] नाम दिइएका सम्वाददातामा गैर जनजाति नै धेरै छन्। वैचारिक आलेख तर्फ गैर जनजाति र जनजाति दुवै खालका व्यक्तिहरूको उत्तिकै संलग्नता देखिन्छ। त्यस्तै खोजमुलक लेख गैर जनजातिका व्यक्तिले नै धेरै लेखेका छन्।

हामीले अवलोकन गरेका अखवारहरूमा मूल प्रवाहका दैनिक, साप्ताहिक, पाक्षिक र मासिक गरी सबै खालका अखवारहरू परेका छन्। दैनिक अखवारले आयतन र आवृत्तिका कारणले जनजाति सम्बन्धी धेरै समाचार र सूचना प्रवाह गरेको देखिन्छ। तर यस सम्बन्धी गहन र महत्वपूर्ण पक्षलाई अन्य प्रकाशनले पनि उत्तिकै सशक्त रूपमा उद्घाटित गर्ने गरेका छन्। दैनिक प्रकाशनहरू केही तटस्थ जस्तो देखिए

१ यस्तो सर्वेक्षणको लागि हेर्नुहोस् पराजुली र गौतम २०५८।

पनि साप्ताहिक प्रकाशनहरू राजनीतिक हिसावले पूर्वाग्रही देखिन्छन् र जनजातिका समाचार सम्प्रेषणमा पनि यसको गन्ध मिसिएको पाइएको छ।

**रिपोर्टिङ्ग**

अवलोकन गरिएका दैनिक र साप्ताहिक छापाहरूमा जनजाति सम्बन्धी विचार लेख र खोजमूलक लेखको तुलनामा रिपोर्टिङ्गहरू नै अधिक मात्रामा पाइन्छन्। म्यागेजिनमा रिपोर्टिङ्ग कमै हुने गरेको छ। रिपोर्टिङ्गमा जनजाति सम्बन्धी विविध गतिविधि र घटनालाई समाचारको रूपमा प्रवाहित गरिएको हुन्छ र यसमा विविध जात जातिका बारेमा समाजशास्त्रीय चिन्तन, दर्शन लगायत अन्य वैचारिक र सैद्धान्तिक बहस, विषयप्रतिको गहनता, आदि कुराहरू भेटिदैनन्। तर जनजातिका संघ संस्थाहरूको गठन, कार्य समितिको गठन र पुनर्गठन, भेला, अधिवेशन, सभा, गोष्ठी, सम्मेलन, प्रेस विज्ञप्ती, पत्रकार सम्मेलन लगायत अन्य रचनात्मक कार्यक्रम देखि लिएर जुलुस, विरोध प्रदर्शन, बन्द, हड्ताल जस्ता आन्दोलनका क्रियाकलापहरूका बारेमा यथेष्ट जानकारी दिएर सर्वसाधारण पाठकको ध्यान आकृष्ट गरी सकारात्मक जनमत सृजना गर्नमा यस्ता रिपोर्टिङ्गहरू सशक्त माध्यम बनेका छन्। गोष्ठी, सभा, छलफल, सम्मेलन, अन्तरक्रिया कार्यक्रम आदिमा विज्ञ वक्ताहरूले प्रस्तुत गरेका दृष्टिकोण र अवधारणालाई यिनै समाचारहरूले पाठक सामू पुऱ्याउँदछन्। यस्ता कार्यक्रममा सरकारी निकायका व्यक्तिहरूको अभिव्यक्ति मार्फत जनजातिसम्बन्धी सरकारी नीति योजना र दृष्टिकोण प्रकाशमा आएको हुन्छ। त्यस्तै राजनीतिक पार्टीका नेताहरूको अभिव्यक्तिबाट सम्बन्धित पार्टीको जनजाति सम्बन्धी धारणा स्पष्ट हुन्छ भने जनजातिकै नेताहरूबाट जनजाति आन्दोलनको वर्तमान परिस्थिति र भावी कार्य योजनाका बारेमा मार्गदर्शन गरिएको हुन्छ। यी सबै कुराहरूलाई आम जनतामा पुऱ्याउने काम छापाका यस्ता समाचारले नै गरिरहेका हुन्छन्।

जनजातिका विभिन्न भाषाहरूमा निस्केका पुस्तक, पत्र-पत्रिका, गीती एल्बम, भिडियो-चलचित्र, टेलि-चलचित्र आदिका बारेमा पाठक, स्रोता र दर्शकलाई जानकारी दिने माध्यमका रूपमा पनि यी समाचारहरू सफल छन्। जनजातिका चाड, पर्व, धर्म, संस्कृतिको जानकारी देखि लिएर यी विशेष पर्वहरूका अवसरमा गरिने मनोरञ्जनात्मक र रचनात्मक गतिविधिहरूको प्रचार प्रसार पनि यिनै समाचारद्वारा भइरहेको छ। रिपोर्टिङ्ग गरिदा केही पत्रिकाले साथमा फोटो पनि छापेका छन्। दैनिक प्रकाशनमा फोटोहरूलाई पनि रिपोर्टिङ्गको सहायक मानेर छाप्ने गरेको पाइन्छ। अझ कहिले काही त फोटोलाई मात्रै पनि प्रमुख समाचारको रूपमा प्रस्तुत गरिएको हुन्छ। तर साप्ताहिकमा फोटोको प्रयोग निकै कम भएको पाइन्छ।

समाचारको प्रकृतिलाई दृष्टिगत गर्दा रिपोर्टिङ्गलाई तल उल्लेखित विषयहरूमा वर्गीकरण गर्न सकिन्छ।

१. **संगठन/सांगठानिक गतिविधिः** खासगरी प्रजातन्त्रको पुनरोदय पछिको उन्मुक्त परिवेशमा जनजातिहरू पनि आ-आफ्नो जातीय उत्थान गर्ने चाहना स्वरूप विभिन्न संघ, संस्था र संगठन मार्फत संगठित हुन थालेको पाइन्छ। यी संघ, संस्थाहरूका माध्यमबाट उनीहरू जातीय उत्थान सँगसँगै भाषिक, साँस्कृतिक, धार्मिक, सामाजिक, आर्थिक र राजनीतिक उत्थानका लागि पनि प्रयत्नशील देखिन्छन्। जनजाति संगठित बनेका र यी संगठनले गर्ने गरेका गतिविधि र क्रियाकलापलाई अवलोकन गरिएका दैनिक र साप्ताहिक अखवारहरूले पनि समेट्ने गरेको पाइएको छ। यसले गर्दा संगठनलाई अझ बढी व्यापक बनाउन र सम्बन्धित धेरै भन्दा धेरै व्यक्तिलाई संगठनमा आवद्ध गराउन गतिलो र भर पर्दो माध्यम छापा पत्रकारिता बन्न पुगेको छ।

छापामा पाइएका समाचारहरू मध्ये केहीले भविष्यमा हुने भनिएका अधिवेशन, सम्मेलन, भेला आदिका बारेमा जानकारी दिन्छन्। 'चैतमा तामाङ घेदुङ्ग समूहको अधिवेशन हुने', 'थारू महाधिवेशन उदयपुरमा हुने', 'तमु विद्यार्थी सम्मेलन फागुनमा', 'जातीय समस्याबारे अन्तर्क्रिया हुने', आदि शीर्षकमा आउने यी समाचारहरूले कहाँ, कहिले, के हुँदैछ भन्ने जानकारी प्रदान गर्छन्। सम्बन्धित संघ, संगठनद्वारा आयोजना गरिएका पत्रकार सम्मेलन या वितरण गरिएका प्रेस विज्ञप्ती नै यस्ता समाचारका स्रोत बन्ने गरेको पाइन्छ। तर केही साप्ताहिकले 'सम्बन्धित सूत्रका अनुसार' भनेर पनि यस्ता समाचारहरू छाप्ने गरेका छन्।

अर्का थरी समाचारहरूले सम्पन्न भइसकेका कार्यक्रमका बारेमा जानकारी दिन्छन्। यस्ता समाचारहरूमा जनजातिका संघ, संस्था गठन भएका, कार्य समितिको गठन र पुनर्गठन भएका समाचारहरू धेरै छन्। केन्द्रीय स्तर देखि लिएर जिल्ला, नगर र गाउँ एकाई स्तरीय कार्य समिति गठनका जानकारीहरू यी अखबारहरूका समाचार बनेका छन्। त्यतिमात्र नभएर विदेशमा खास गरी भारतमा प्रवासी नेपाली जनजातिहरू संगठित भएका समाचार केही पत्रिकाले दिएका छन्। त्यस्तै एउटै जातिभित्र पनि विद्यार्थी, महिला, युवा आदिको छुट्टा छुट्टै समूह गठन भएका समाचारहरू पनि यी अखबारहरू भित्र परेका छन्। 'तमु विद्यार्थी समूह गठन', 'महिला मगर संघ गठन' आदि शीर्षकमा यस्ता समाचारहरू आएका छन्। राजनैतिक सोचाइलाई आधार बनाई खोलिएका जातीय संगठनका बारेमा पनि केही साप्ताहिक पत्रिकाले समाचार बारम्बार दिदैं आइरहेको देखिन्छ। अखिल नेपाल जनजाति संघ, थारूवान मुक्ति मोर्चा, मगरात मुक्ति मोर्चा, तामाङ राष्ट्रिय मुक्ति मोर्चा, अखिल नेपाल जनजाति सम्मेलन आदि संगठनहरू यस्ता राजनैतिक सोच राख्ने संगठनहरू हुन्। वर्गीय मुक्ति सँगसँगै जातीय मुक्ति हुने अडानमा रहेका यी संगठनहरूका बारेमा *जनादेश, जनएकता* जस्ता साप्ताहिकहरूले आफ्नो समाचारमा समेटेका छन्।

यी सबै खालका संगठनहरूले गर्ने गरेका भेला, सम्मेलन, छलफल, गोष्ठी आदिका समाचार पनि सबै जसो अखवारमा पाइन्छन्। यस्ता कार्यक्रमहरू बरोबर गरिरही समाचारको विषय बन्ने गरेका केही प्रमुख संगठनहरूमा नेपाल जनजाति महासंघ, किराँत याक्थुम चुम्लुङ्ग, नेपाल मगर संघ, नेपाल तामाङ घेदुङ्ग संघ, किराँत याख्खा छुम्मा, तमु छोज धिं, थारू कल्याणकारी सभा, नेपाल भाषा मंकाःखलः, सुनुवार सेवा समाज, अखिल नेपाल जनजाति संघ आदि छन्। यस्ता कार्यक्रमहरू काठमाडौं र अरू प्रमुख शहरमा मात्र सीमित नभई अधिराज्य भर गाउँस्तरमा पनि भएका छन् भने ती कार्यक्रमहरूको बारेमा थोरबहुत रिपोर्टिङ्ग अध्ययन गरिएका सबैजसो अखबारले गरेका छन्।

**२. राजनीतिः** जातीय मुक्तिलाई राजनीतिसँग जोडेर केही जनजाति संगठनहरू राजनैतिक पार्टीका रूपमा पनि देखा परेका छन्। राष्ट्रिय जनमुक्ति पार्टी, नेपाल राष्ट्रिय जनजाति पार्टी, जनमुक्ति पार्टी नेपाल आदि पार्टीका गतिविधिहरू विशेष गरी निर्वाचनका अवसरमा समाचारका रूपमा आउने गरेका छन्। 'लिम्बुवान मुक्ति मोर्चाले निर्वाचनको औचित्य देखेन', 'जातीय मुक्ति चुनावबाट हुँदैन' जस्ता चुनावका विरोधमा निस्केका आवाजहरू पनि यी पत्रिकामा पढ्न पाइन्छ। खम्बुवान मोर्चाद्वारा पूर्वका केही संस्कृत विद्यालयहरूमा गराएको विष्फोटनका कुराहरू पनि यी छापाले उठाएका छन्।

आम निर्वाचन पछि विभिन्न पार्टीबाट निर्वाचित जनजाति सांसदहरूको भेटघाट तथा वधाइ कार्यक्रम, उनीहरू बीचको अन्तर्क्रिया, छलफल आदिका समाचार, उनीहरूले संसदमा जनजातिका बारेमा राखेका जिज्ञासाहरू र त्यसका जवाफहरू यी अखवारहरूले छाप्ने गरेको पाइन्छ। जनजातिका संघ संस्थाका व्यक्तिहरूको बीच राजनीतिक विचारधाराले ल्याउने खिचलो पनि बेला बेलामा आउने गरेको छ। त्यस्तै जनजाति र राजनीति सम्बन्धी भएका गोष्ठीहरू, यस्ता गोष्ठीमा उठेका जातीय स्वायत्त शासन, संघीय शासन, आरक्षण आदि मागहरूलाई पनि यी छापाका समाचारले छोएका छन्।

साप्ताहिक प्रकाशनहरूमा राजनैतिक पूर्वाग्रह राखेर समाचार प्रस्तुत गरेको देखिन्छ। जनजातिलाई राजनैतिक रूपमा सशक्तिकरण गर्ने उद्देश्यले गठित तथा माओवादीसँग निकट रहेको 'अखिल नेपाल जनजाति संघ' र यससँग नजिकको सम्बन्ध राख्ने 'तामाङ राष्ट्रिय मुक्ति मोर्चा', 'थारूवान मुक्ति मोर्चा' 'मगरात मुक्ति मोर्चा' 'तमु ह्युल मछ्याँ मोर्चा' आदिका गतिविधिहरू *जनादेश*ले प्राथमिकताका साथ छापेको देखिन्छ। तर यी समाचारहरू अरू पत्रिकामा त्यति देखिदैनन्। त्यस्तै 'मालेले जनजातिलाई वेवकूफ बनाउने', 'जनजातिहरू एमाले विरूद्ध' 'आदिवासी रकमले माले

नेता मोटाए' जस्ता आक्षेप लगाएर लेखिएका समाचार पनि यी साप्ताहिक प्रकाशनमा देख्न सकिन्छ।

३. **भाषाः** जनजातिहरू आफ्ना भाषा, लिपी र साहित्यको जगेर्ना एवं उत्थान गर्ने उद्देश्यले विविध गतिविधिमा सक्रिय रहेका छन् भन्ने कुरा अध्ययन गरिएका पत्रिकाहरूबाट थाहा हुन्छ। विभिन्न जातिका भाषामा निस्कने पुस्तक, पत्रिका, गीति एल्बम आदिका पाठक र स्रोतालाई जानकारी गराउने देखि लिएर यी भाषा भाषीमा हुने लोक गीत, पप गीत, कविता आदिका प्रतियोगिताका बारेमा समाचारहरू आएका छन्। जनजातिका भाषामा बनेका भिडियो चलचित्र, टेलि चलचित्र आदिको जानकारी पनि यी पत्रिकाका समाचारहरूबाट पाउन सकिन्छ।

काठमाडौं महानगरपालिकाले नेपाल भाषालाई र धनुषा जि.वि.स. तथा राजविराज नगरपालिकाले मैथिली भाषालाई आधिकारिक भाषाको मान्यता दिएपछि जनजातिका संघ संस्थाले उक्त कदमका स्वागत गरेका समाचारहरू यी छापाभित्र परेका छन्। त्यसपछि सर्वोच्च अदालतमा रीट दायर भएको देखि लिएर सो गर्न अदालतले रोक लगाएको अनि त्यसैको विरोधमा उपत्यका बन्दलगायत विरोधसभा, जुलुस, छलफल आदिका बारेमा पनि अवलोकनमा परेका पत्रिकाले समाचार छापेका छन्। त्यस्तै विद्यालय स्तरमा संस्कृत विषयलाई अनिवार्य गरेको र संस्कृत भाषामा रेडियो नेपालले समाचार प्रसारण गरेकोमा जनजातिका संघ संस्थाहरूले गरेको विरोधले पनि समाचारको रूपमा स्थान पाएको देखिन्छ। रेडियो नेपालबाटै विभिन्न जातिका भाषाहरूमा समाचार प्रसारण आरम्भ गरेपछि यसका स्वागतमा आएका समाचारहरू पनि अवलोकन गरिएका पत्रिकाहरूले समेटेका छन्।

भाषिक उत्थानका लागि भए गरेका कार्यहरू जस्तै अन्तर्क्रिया, गोष्ठी, पुस्तक प्रकाशन, भाषा प्रशिक्षण, प्रवचन कार्यक्रम आदिलाई 'धिमाल शब्दकोश प्रकाशित', 'लिम्बू भाषा प्रशिक्षण कार्यक्रम', 'झापामा मगर भाषाको विद्यालय स्थापना गरिने', 'मगर भाषाको पहिलो उपन्यास रेबस' जस्ता शीर्षकमा आएका समाचारहरूले समेटेको देखिन्छ। जनजातिको संस्कृत भाषा प्रतिको विरोधको विरोधमा आएका स्वरहरू पनि यी समाचारहरूमा पाइन्छ। उदाहरणका लागि तत्कालिन गृह सहायक मन्त्री दिपक प्रकाश बाँस्कोटाले प्रजातन्त्रको नाममा संस्कृत भाषा, संस्कृत विद्यालय, विश्वविद्यालय बन्द गर्न विभिन्न जनजातिहरूले राखेको माग निन्दनीय छ भन्नुभयो भनी *नेपाल समाचारपत्र*ले २०५३ जेठ ३२ मा छापेको समाचारलाई लिन सकिन्छ।

४. **संस्कृति/धर्मः** हरेक जन जातिका आ-आफ्नै किसिमको रीतिरिवाज, धर्म, संस्कृति भएकाले उनीहरूका चाडपर्व पनि फरक फरक नै छन्। यी चाडपर्वका अवसरमा र धर्म तथा संस्कृतिसँग सम्वन्धित अन्य विशेष अवसरमा उनीहरू विभिन्न

मनोरञ्जनात्मक र सृजनात्मक कार्यक्रमहरूको आयोजना गरी मनाउने गर्दछन्। यिनै कुराहरू अध्ययनमा परेका पत्रिकाहरूमा पढ्न पाइन्छ।

नेपाल संवत्को नयाँ वर्षका अवसरमा गरिएका मोटर साइकल र्‍याली, साइकल र्‍याली, जुलुस, सभा, गोष्ठी, खेलकूद प्रतियोगिता लगायत उक्त अवसरमा प्रधानमन्त्री, विभिन्न राजनीतिक पार्टी प्रमुख, जनजातिका नेताहरूले व्यक्त गरेका शुभकामना सन्देशहरू यी अखवारका समाचार बनेका छन्। त्यसैगरी लोछारका अवसरमा पनि शुभकामना सन्देश लगायत अन्य विविध कार्यक्रमको समाचार छापामा देखिएको छ। 'जनजातिले दशैं नमान्ने', 'किराँतहरू हिन्दू होइनन्', 'पिछडिएका जाति ईसाइ धर्ममा' जस्ता धर्म सम्बन्धी समाचार पनि यी छापाहरूमा छन्। किराँत राईहरूको साकेवा पर्व, चण्डी नाच, तमुहरूको ट्होटे पर्व, नेवारहरूको म्हःपूजा, वेलविवाह, थारूहरूको माघी, सिरूवा पर्व आदिले पनि यी अखवारमा स्थान पाएका छन्। शङ्खधर शाख्वः, फाल्गुनन्द, खजे दुरा जस्ता जनजाति विशेषका संस्कृति र इतिहाससँग प्रत्यक्ष सरोकार राख्ने व्यक्तिका सम्झनामा जनजातिले गरेका कामहरूको समाचार यी छापाहरूले समेटेका छन्।

**५. अन्य/विविधः** गरीवी र अन्ध विश्वासको कारणले गर्दा जनजातिका बालबालिका स्कूल नजाने गरेको कुरा 'चेपाङ्गहरू देवताको डरले छोरा छोरी पढाउँदैनन्', 'दनुवार बालबालिका विद्यालय जाँदैनन्' आदि समाचारले प्रष्ट्याउँछन्। मातृभाषामा शिक्षाको आवश्यकताका सम्बन्धमा उठेका आवाजहरू, आ-आफ्नै मातृभाषामा प्राथमिक शिक्षा दिन शुरू गरिएका अभियानहरू र यसका समस्याहरूका बारेमा अध्ययन भित्र परेका पत्रिकाले उल्लेख गरेका छन्।

महिलाका सम्बन्धमा पनि फाट्टफुट्ट समाचारहरू निस्कने गरेको पाइन्छ। 'नेपाल भाषा मिसा खलः को साहित्य गोष्ठी', 'मगर महिला तदर्थ समिति गठन', आदि समाचारले यसको प्रमाण दिन्छन्। 'आदिवासी जनजाति महिला र विकास', 'ज्यापू जातिको विकासमा महिला सहभागिता' जस्ता विषयमा भएका गोष्ठीहरूको समाचार मार्फत छापामा जनजाति महिलाको विषय उठ्ने गरेको छ।

संयुक्त राष्ट्र संघले सन् १९९३ लाई विश्व अन्तर्राष्ट्रिय आदिवासी वर्षका रूपमा मनाउने आह्वान गरे वमोजिम त्यस वर्ष गरिएका यस सम्बन्धी विविध कार्यक्रमहरू छापामा देखिएका छन्। त्यस्तै हरेक वर्ष अगष्ट ९ मा आदिवासी दिवस स्वरूप विभिन्न कार्यक्रम गरी मनाइएका कुराहरू पनि समाचार बनेर आउँछन्। जनजातिका प्रतिनिधि मण्डलले सरकारी निकायसँग भेटी जनजाति विकास सम्बन्धी अवधारणा, सुझावपत्र, माग आदि प्रस्तुत गरेका खबरहरू बेलावखतमा यी प्रकाशनहरूमा देखिन्छ।

## खोजमुलक लेख

नेपाली प्रेस जगतमा जातीय मर्यादा र समाजप्रतिको दायित्वको मान्यता र मूल्यको खोजी गर्दै जनजातिका जनजीवन, संस्कृति, धर्म भाषा, रहन सहन, परम्परा, व्यवसाय, कला इत्यादिलाई उद्घाटित गर्ने हेतूले विशेष रूपमा अध्ययन, अनुसन्धान, स्थलगत भ्रमण, निरीक्षण भेटघाट आदि गरेर लेखिएका लेखहरूले पनि स्थान पाउने गरेका छन्। यस्ता किसिमका लेखहरूलाई नै यहाँ खोजमूलक लेखका रूपमा चर्चा गर्न खोजिएको हो। अन्य प्रकाशनको दाँजोमा दैनिक प्रकाशनले यस्ता लेखहरूलाई बढी समेटेको पाइन्छ। अझ खास गरी *गोरखापत्र* र *कान्तिपुर*ले क्रमशः शनिवारीय परिशिष्टाङ्क र कोसेलीमा यस्ता लेखहरू प्रकाशित गर्ने गरेका छन्।

जनजातिका सभा, गोष्ठी, सम्मेलन इत्यादि क्रियाकलाप र गतिविधिका पूर्व निर्धारित कार्यक्रमका बारेमा दिइने समाचारलाई हामीले रिपोर्टिङ्ग खण्डमा छलफल गरिसकेका छौ.। रिपोर्टिङ्गकै प्रकृतिका तर कुनै पूर्व निश्चित कार्यक्रम वा गतिविधिका बारेमा नभई सम्वाददाताको आफ्नै अग्रसरतामा सोधखोज, भेटघाट, निरीक्षण इत्यादि गरेर तयार पारिएका समाचारमूलक लेखलाई पनि हामीले यसै खण्ड अन्तर्गत राखी विश्लेषण गरेका छौं। यस्ता दुवै किसिमका लेखहरू दैनिक प्रकाशनमा नै धेरै भेटिन्छन्। तर साप्ताहिक, पाक्षिक र मासिक प्रकाशनमा यस्ता लेखहरू हुँदै नभएका भने होइनन्। पर्याप्त समय, स्रोत र साधनका साथै कार्यगत दक्षताको समेत अधिक आवश्यकता पर्ने यस्ता लेखहरूले जनजातिका ओझेलमा परेका र लोप हुन लागेका विविध पक्षलाई प्रकाशमा ल्याई पाठकलाई यस सम्बन्धी जानकारी दिइरहेका हुन्छन्। यी लेखहरूमा प्रस्तुत गर्न खोजिएको विषय वस्तुलाई छर्लङ्ग पार्न फोटो तथा चित्रहरूको प्रयोग गरिएको पाइन्छ। दैनिक प्रकाशन र म्यागेजिनमा यस्ता फोटो र चित्र आएका भएपनि साप्ताहिकमा तिनको प्रयोग नगण्य छ।

त्यस्तै जनजातिका विविध पक्षको संरक्षण, सम्बर्द्धन, उत्थान र विकासका लागि सम्बन्धित पक्षको ध्यान आकृष्ट गर्नुका साथै विगतमा यस सम्बन्धी केही गरिएको भए त्यसको मूल्याङ्कन पनि गरिएको पाइन्छ। यी लेखहरूले विभिन्न जनजातिमा विद्यमान अन्धविश्वास, विसंगति र विकृतिहरूलाई औंल्याउँदै तिनको विसर्जनका लागि चेतनाको प्रवाह समेत गरिरहेका हुन्छन्।

अवलोकन गरिएका पत्रिकामा छापिएका यस्ता खोजमुलक लेखहरूलाई विषय वस्तुका आधारमा वर्गीकृत गरी तल प्रस्तुत गरिएको छ।

**१. जनजीवन/जाति परिचयः** अध्ययनभित्र परेका पत्रिकाहरूमा केही लेखहरू जनजातिका संस्कृति, संस्कार, धर्म, चाड पर्व, भाषा, बसोवास, अर्थतन्त्र, व्यवसाय, रहन सहन, भेषभुषा, आदिमध्ये कुनैमा पनि केन्द्रित नरही समग्रमा सबै पक्षलाई अलि अलि समेटेर उक्त जातिको सामान्य परिचय दिने खालका छन्। कुनै एक पक्षमा गहिरिएर

लेखिएको नभए तापनि सम्बन्धित जातिको जनजीवनका झाँकीहरू पाठकसामू प्रस्तुत गरेर उक्त जातिलाई परिचित गराउने उद्देश्यअन्तर्गत यी लेखहरूलाई सफल नै मान्नुपर्छ। आर्थिक, सामाजिक राजनैतिक दृष्टिले पछाडि परेका, लोपको संघारमा पुगेका, अनौठो किसिमका रहन सहन, प्रचलन र परम्परा बोकेका, प्रचार प्रसारका दृष्टिले ओझेलमा परेका जातिका सम्बन्धमा नै यस्ता धेरै जसो लेखहरू केन्द्रित छन्।

यी लेखहरूमा कुनै जाति विशेषको ऐतिहासिक, धार्मिक, आर्थिक, सामाजिक र साँस्कृतिक पक्षहरूको राम्रा र नराम्रा कुराहरूलाई पनि केलाउने गरिएको पाइन्छ। त्यसै गरी जन्म संस्कार, विवाह संस्कार, मृत्यु संस्कार, शारिरिक बनोट, बसोबासको भौगोलिक स्थिति, जनसंख्या, भाषा, लिपी, साहित्य, कला, शिक्षा, भेष-भुषा, गरगहना, चाड पर्व, जात्रा इत्यादि पक्षको छोटकरी वर्णन यी लेखहरूले गरेका छन्। आधुनिकताले उनीहरूको जीवन शैलीमा कस्तो परिवर्तन ल्याएको छ भन्ने कुरा पनि यी लेखहरूमा उठाइएको छ।

हाम्रो अध्ययनमा रहेका छापाहरूले राउटे जातिका बारेमा यस्ता परिचयात्मक लेखहरू अत्याधिक छापेका छन्। अरू जाति भन्दा फरक रहन सहन, लोप हुने क्रम र जंगली फिरन्ते जाति हुनाले नै यिनीहरूको चर्चा बढी मात्रामा भएको हुनुपर्दछ। राउटेहरू आफूलाई ठकुरी वंशको भनी दावी गर्ने गरेका र उनीहरूलाई अनार्य भन्न नमिल्ने संकेत केही लेखहरूमा पाइन्छ। राउटे पछि चर्चामा रहेको अर्को जाति हो– चेपाङ्ग। ओढार या गुफामा बस्ने, कन्दमुल र जंगली पशु पंक्षीको शिकार गरी जिविका चलाउने यी चेपाङ्ग जातिका मानिसहरू विस्तारै विस्तारै कृषि कर्मतर्फ उन्मुख हुँदै गएको जानकारी केही लेखहरूले दिएका छन्।

यस्ता परिचयात्मक लेखहरू मार्फत अखवारले स्थान दिई चर्चामा ल्याएका अन्य जातिहरूमा थारू, राजवंशी, मेचे, सतार, लेप्चा, किसान, जिरेल, धिमाल, कुमाल, राजी, वलामी, नेवार, मगर, शेर्पा, हायु, दनुवार, थामी, वनकरिया, थकाली, छन्त्याल, कुशवाडिया, भुजेल, व्यासी, तामाङ, सुरेल, पहरी इत्यादी रहेका छन्।

२. **संस्कृति/धर्मः** नेपालमा जातीय विविधता अनुरूप नै विभिन्न किसिमका परम्परा, संस्कृति र रीतिरिवाज पाइन्छ। त्यस्तै जातीय गौरव र स्वाभिमान बोकेका अनेकौं चाड पर्व तथा जात्रा पर्वहरू मनाइने गरिन्छ। परम्परादेखि चल्दै आएका जनजातिका संस्कार, रीतिरिवाज, चाडपर्व र यी पर्वहरूमा गरिने नाचगान जस्ता विविध साँस्कृतिक विषयहरू अध्ययन भित्र परेका छापाहरूले बरोबर उल्लेख गर्दै आएका छन्।

विभिन्न जातिमा जन्म संस्कार, विवाह संस्कार र मृत्यु संस्कार गर्ने आ-आफ्नै प्रचलन रहेका हुन्छन्। छापामा यी तीनै संस्कारहरूका बारेमा संयुक्त रूपमा लेखिएका लेखहरू आएका छन् भने केहीले विवाह संस्कारलाई मात्र प्रस्तुत गरेका छन्। वर्षमा

एक दिन श्री पञ्चमीमा मात्र विवाह गर्ने बलामी जाति र उनीहरूमा विद्यमान बाल विवाहको प्रचलन, केटा र केटी गर्भमै छँदा देखि मगनी शुरू हुने राना थारूको प्रचलन, भोटेको बहु पति प्रचलन जस्ता अनौठा प्रथाहरूलाई यी छापाले प्रकाशमा ल्याएका छन्। यस किसिमका अनमेल विवाहले परिवारमा विग्रह ल्याएका कुराहरू तर्फ पनि पाठकको ध्यान खिचेका छन् यी लेखहरूले। त्यस्तै जन्म, मृत्यु र विवाह संस्कारहरू खर्चिलो हुँदै गएकाले परम्पराको नाउँमा सकी नसकी भोज भतेर र अन्य खर्च गर्दै जाँदा सुकुम्वासी हुनु परेको कटु यथार्थ यस्ता केही लेखहरूले देखाएका छन्।

जनजातिहरू विभिन्न चाड पर्व र अन्य विशेष अवसरमा विभिन्न किसिमका नाच गानका माध्यमले मनोरञ्जन गर्ने गर्छन्। छापाले जनजातिका विशेषताका रूपमा रहेका यस्ता नाचहरूको वृत्तान्तलाई स्थान दिएको देखिन्छ। जस्तै : गुरूङ्गहरूको रोदी, घाटु नाच, थारूहरूको वड्का नाच, सखिया नाच, मगरको कौरा नाच, भ्याम्भ्या नाच, नेवारको लाखे नाच, घण्टा नाच, सिठी नखः, किराँत राईको चण्डी नाच, लिम्वुहरूको धान नाच इत्यादि। त्यस्तै चाडपर्वहरूमा थकालीको पितृपूजा 'तोरन्लह', राजवंशीको सिरूवा पर्व, लिम्बूहरूको बलिहाङ्ग तङ्गनाम, राईको देहवा पूजा, साकेवा, आठपरिया राईको मंसिरे पर्व, थारूको माघी पर्व, सिरूवा पर्व, नाग पञ्चमी, नेवारको म्हःपूजा र अनेक थरी जात्राहरूका बारेमा यी पत्रिकाले छापेका छन्।

यी चाड पर्व, जात्रा र नाचहरू आध्यात्मिक र मनोरञ्जनात्मक पक्षबाट मात्र नभई आपसी सहयोग, स्नेह, समभ्रूदारी, सद्भावना, मित्रता, सहिष्णुता जस्ता जीवनोयोगी तथा व्यवहारिक शिक्षा प्रदान गर्ने हिसाबले पनि विशेष महत्वका छन्। तर विगतको तुलनामा हरेक जनजाति आधुनिकता तर्फ बढ्ने क्रमले र पश्चिमी संस्कृतिको बढ्दो अतिक्रमणले गर्दा यस्ता चाड पर्व र संस्कृतिलाई नराम्रो असर परेको र कतिपय नाच, जात्रा जस्ता मौलिक परम्परा र साँस्कृतिक सम्पदाहरू उचित संरक्षणको अभावले लोप हुने स्थितिमा पुगिसकेको तथ्यलाई यस्ता खोजमुलक लेखले उद्घाटित गरेका छन्।

नेवारले मान्दै आएको नेपाल संवत् सम्पूर्ण जनजातिको र अभ्र सम्पूर्ण नेपालीको मौलिक संवत् भएको कुरा शङ्खधर शाख्वाका विषयमा प्रचलित किंवदन्ती र केही ऐतिहासिक तथ्यहरूको समेत विवेचना गरी लेखिएका लेखहरूमा पाइन्छ। नेपाल संवत्को नयाँ वर्षमा मनाईने म्हःपूजा, थारूहरूको नयाँ वर्ष माघी पर्वका बारेमा, गुरूङ्ग, तामाङ र शेर्पाको नयाँ वर्ष क्रमशः तोला लोसार, सोनाम लोसार र ग्याल्पो लोसारका बारेमा विभिन्न लेखकहरूका खोजमुलक लेखहरू यी छापामा पढ्न पाइन्छ। लोसारका विषयमा गुरूङ्ग, तामाङ र शेर्पाको बेग्लाबेग्लै मान्यता रहेको र फरक फरक दिनमा उनीहरूले लोसार मनाउने गरेका छन् र केही लेखहरूको आ-आफ्नै पाराले लोसार मान्ने नगरी सामूहिक रूपमा लोसार मनाउने गरेमा प्रभावकारी हुने तर्फ संकेत गरेका छन्। किराँतको वेद 'मुन्धुम्' थारूहरूको पुरोहित 'गुरूवा', नेवारको गुठी व्यवस्था,

जिरेलहरूको कोदो रोपाइको विशेषताभित्र पर्ने खाजा पोलदोक आदिले पनि यी छापामा स्थान पाई चर्चामा आएका छन्।

जनजातिको धर्मका विषयमा लेखिएका खोजमूलक लेखहरू निकै कम छन्। केही वर्ष यता देखि जनजातिहरू हिन्दू होइनन् र दशै हिन्दुहरूको चाड भएकाले यसलाई उनीहरूले नमनाउने भन्ने विषयले निकै चर्चा पायो। अध्ययनमा परेका पत्र पत्रिकाले यी कुराहरू भने उठाएका छन्। दुर्गम भेगका गरीब जनजातिलाई प्रलोभनमा पारी धर्म परिवर्तन गराएर इसाई बनाइदैछ भन्ने खालका केही लेखहरू देखा परेका छन्। अन्य धर्ममा अनावश्यक झञ्झट र खर्च पनि धेरै हुने हुँदा जनजातिहरूको इसाई धर्मप्रति स्वतः आकर्षण बढेको हो भने खालका लेखहरू एकथरी लेखकले लेखेका छन्।

**३. भाषाः** जनजातिको भाषालाई लिएर छापामा खोजमूलक लेखहरू उति सारो आएका छैनन्। कुनै भाषालाई खोजको विषय बनाई त्यसैको बारेमा विशद चर्चा परिचर्चा गरिएका लेखहरू त झन छँदै छैनन्। 'सतार जातिको भाषा लिपी लोप हुने अवस्थामा', 'भाषिक तथा साँस्कृतिक पहिचानको खोजिमा लिम्बु जाति', 'नयाँ पुस्ताका जनजाति प्रतिभा नेपाली भाषामै साहित्य रच्छन्', जस्ता शिर्षकमा भाषा सम्बन्धी खोजमूलक केही समाचारहरू भने यी छापाहरूमा देख्न सकिन्छ।

बारम्बार उठीरहने भाषा सम्बन्धी विवादका बारेमा केही खोजमुलक लेख देखा परेका छन्। नेपालमा अस्तित्वमा रहेका भाषाहरूको वर्तमान स्थितिका बारेमा *हिमाल* साउन-असोज २०५२ मा तीर्थ कोइराला लेख्छन्– "अहिले नेपाल भित्र बोलिने भाषाहरूमा नेपाली, मैथिली, नेवारी,लिम्बु, भोजपुरी, अवधी, हिन्दी, उर्दू र तिब्वतीको मात्र लेख्य परम्परा रहेको छ। यस मध्ये पनि नेवारी, लिम्बु, उर्दू र तिब्वतीले बाहेक अरूले देवनागरी लिपी नै प्रयोग गर्छन्।" उनका अनुसार थारू, तामाङ मगर, गुरूङ्ग, थकाली, शेर्पा, राजवंशी इत्यादि भाषाहरू लेख्य परम्परातर्फ उन्मुख छन् भने बाँकी भाषाको लेख्य परम्परा नै नरहेको र हायु, दुरा, कुसुण्डा, राउटे आदिको भाषा लोप हुनलागेका छन्।

त्यस्तै संस्कृत भाषालाई शिक्षामा अनिवार्य गरिनुपर्छ भनी ७६ जना तत्कालीन सांसदहरूले शिक्षा आयेगमा हस्ताक्षर दिएपछि भाषा विवाद एक पटक चर्केको थियो। यसको विरूद्धमा ८८ जना सांसदले हस्ताक्षर गरी वक्तव्य निकालेका थिए। त्यसवखत यसै परिवेशलाई लिएर अव्यवहारिक, असान्दर्भिक मृत भाषाको रूपमा रहेको संस्कृतलाई अनिवार्य गराइनु हुँदैन भन्ने आशयका केही लेखहरू निस्केका थिए।

भाषा विवादले अर्को ठूलो चर्चा पाएको काठमाडौं महानगरपालिकाको २०५४ साउन १० गते बसेको वोर्डको बैठकले नेपाली भाषाको अतिरिक्त नेपाल भाषालाई आधिकारिक मान्यता दिने निर्णय गरेपछि हो। त्यसपछि सर्वोच्च अदालतले २०५६ जेठ १८ गते सो गर्न नपाउने फैसला गरेपछि भाषिक आन्दोलन झन् चर्केको थियो।

यसै क्रममा भाषा विवाद र भाषिक आन्दोलनलाई समेटेर केही खोजमूलक लेखहरू नेपाली छापाहरूमा देखिएका थिए।

४. **अर्थतन्त्र/व्यवसायः** अधिकांश जनजातिहरू आर्थिक रूपले विपन्न जीवन जीइरहेका छन्। उब्जनीले वर्ष भरी खान नपुग्ने र कृषि क्षेत्रबाट स्थानीय स्तरमा अर्ध रोजगारी मात्र प्राप्त हुने हुनाले भारी बोक्ने, दाउरा बेच्ने, ज्याला मजदुरीका काम गर्ने, विदेशतिर पलायन हुने अथवा अन्य वैकल्पिक पेशा अपनाउनु पर्ने जनजातिका मानिसको बाध्यता रहेको छ। कतिपयको त आफ्नो जग्गा समेत छैन। यिनै कुराहरू जनजातिका आर्थिक स्थितिका बारेमा लेखिएका लेखहरूले दर्शाउँछन्।

जनजातिमा चल्दै आएका खर्चिला संस्कारहरूले ऋणको भारी बोकाउने गरेका छन् भने जाँड-रक्सीका कारणले पनि उनीहरूको आर्थिक स्तर गिर्दो छ। 'अझै १० चेपाङ्ग परिवार ओडारमा बस्न बाध्य', 'मकवानपुरका तामाङ र प्रजाहरूले महिनौ देखि अन्न देखेका छैनन्', 'खाद्यान्न अभावले राउटेहरू तल सुर्खेत झरे', 'निपानेका दनुवार गरीबीबाट ग्रस्त' आदि शिर्षकमा आएका लेखहरूले जनजातिमा व्याप्त विपन्नता, अभाव र संकटको दर्दनाक चित्रण गरेका छन्।

केही लेखहरूमा थारू जातिको कलङ्कको रूपमा रहेको कमैया प्रथा र यसैसँग जोडिएको सौंकी (ऋण) का बारेमा कुरा उठाइएको छ। दैनिक १८ घण्टा मालिकको काम गर्नु पर्ने कमैया महिलाहरू छोराछोरीलाई आफ्नै दुध खुवाउन फुर्सद नपाउने तीतो यथार्थ पनि यी खोजमुलक लेखभित्र अटाएको छ। थारू बालिकाहरू कम्लहरि (घरेलु काम गर्ने बालिका) को रूपमा बस्नुपर्ने बाध्यता उनीहरूको गरीबीको अर्को पाटो हो भनेर उल्लेख गरिएको छ। कुनै लेखले मानिस आफैले जुवामा नारिएर हलो तान्नुपर्ने पशुवत विवशता र बाध्यताको चित्रण गरेका छन् भने कुनै लेखले पुस्तकको झोला बोकेर प्राथमिक विद्यालय जानु पर्ने उमेरका बालकहरू अर्थोपार्जन का लागि भारी बोक्ने काममा जुटेका दुःखदायी यथार्थ प्रस्तुत गरेका छन्।

माझी र बोटे जाति आफ्नो पुर्ख्यौली पेशा माछा मार्ने, डुङ्गा खियाउने जस्ता कामबाट विमुख हुनु परेको विषयमा धेरै नै खोजमुलक लेखहरू आएका छन्। यी लेखहरूका अनुसार हिजो आज राष्ट्रिय निकुञ्ज वरपरका नदीमा जाल हान्न निषेध छ भने अरू नदीमा करेन्ट र बमको व्यापक प्रयोगले माछाको संख्यामा नै ह्रास आएको छ। केही दुर्गम स्थानका माझी र बोटेहरूलाई माछा भएर पनि उचित बजार नभएकोले यस पेशा छोड्नु परेको छ। त्यस्तै झोलुङ्गे पुलहरू ठाउँ ठाउँमा बनेकाले घाटमा डुङ्गाबाट नदी तर्ने प्रचलन नै हराइसक्यो। त्यसैले यी माझी बोटेहरू अन्य पेशामा लाग्न बाध्य छन्। यसरी नै पेशाबाट विमुख हुन परेको भनी छापामा धेरै चर्चामा आएको अर्को जाती कुमाले हो। पहिले पहिले माटोको भाँडा वनाउन आवश्यक पर्ने दाउरा र माटो दुवै सित्तैमा पाइन्थ्यो। तर अहिले दुवै चिज किन्नुपर्छ।

त्यसैले उत्पादन लागत नै बढेको छ। उता बजारमा भने प्लाष्टिक र धातुका भाँडाहरूको नै दबदवा रहेको छ। दिपावली गरिने पालाको ठाउँ मैन वत्तीले र विजुली वत्तीले लिइसकेका छन्। यी सबै समस्यालाई छापामा आएका लेखहरूले केलाउने प्रयास गरेका छन्।

कला, कौशल र परम्परागत सीपका धनी जनजातिहरू बजारको अभाव, कच्चा पदार्थको अप्राप्यता, विदेशी सामानको बढ्दो अतिक्रमण आदिले गर्दा आफ्नो व्यवसायबाट नै विस्थापित हुन पुगेका छन्। तर यी र यस्ता अनेकौं समस्याको समाधानको निम्ति सरकारी पक्षको ध्यान जान सकेको छैन। एकातिर उद्योग धन्दाको अभाव, प्राविधिक सीप विकाससम्बन्धी कार्यक्रमको अभाव रोजगारका अन्य विकल्पको अभाव जस्ता समस्या छन् भने अर्कोतिर बढ्दो आधुनिकीकरणले गर्दा हरेक मानिसको लवाइ खवाइ, खानपान र आहार विहारको रूचिमा परिवर्तन आएको छ। यसले गर्दा उनीहरू कुलतमा लाग्न सक्ने र समाजमा विकृति अरू बढ्न सक्ने सम्भावना प्रवल रहेको तर्फ यी लेखहरूले औंल्याएका छन्।

पिछडिएका जनजातिको विकासका लागि नौलो किसिमका कार्यक्रमभन्दा उनीहरूकै संस्कारमा चल्दै आएका परम्परागत सीप र प्रविधिलाई समय सापेक्ष परिमार्जन गरी बजारमुखी व्यवसाय प्रवर्द्धन गर्ने खालका योजना बनाइनु पर्ने सुझाव यी लेखहरूमा भेटिन्छ।

**५. शिक्षाः** गरीबी र चेतनाको अभावले गर्दा अधिकांश जनजातिहरू अशिक्षाको भूँमरीमा परेका छन् भन्ने खालका केही लेखहरू अध्ययन गरिएका छापामा देखिन्छन्। यी लेखहरूमा दाउरा, घाँस, गोठालो धन्दा जस्ता घरायासी कामहरू गर्नु पर्ने भएकाले जनजातिका बालवालिकाहरू स्कुल जान नपाउने र अभिभावकले शिक्षालाई त्यति महत्वको नठानेको कुराहरू यी लेखमा पाइन्छ। 'छोरा छोरी पढ्न पठाए कसले माछा मार्ने', 'धेरैजसो दनुवार केटाकेटी स्कूल जाँदैनन्' 'बाँदर लखेट्न जन्मिएका थामी केटाकेटी' आदि शिर्षकका लेखहरूले जनजातिमा रहेको विपन्नता र चेतनाको कमीलाई पुष्टि गर्छन्। शिक्षाको अभावमा उनीहरू अन्धविश्वास र कुरीतिहरूलाई पछ्याइरहेका छन् भन्ने कुरा राउटेहरूले आफ्ना बच्चालाई पोलियो खुवाउन नमानेको, चेपाङ्गहरूले देवताको डरले छोराछोरी पढाउन नमानेको, चेपाङ्गहरूले परिवार नियोजन गर्न नमानेको, थारूहरू उपचारका लागि धामी झाँक्रीकै शरणमा पुगेका आदि विषयमा लेखिएका लेखहरूले स्पष्ट गराउँछन्।

तर शिक्षाको ज्ञान जनजातिलाई पनि विस्तारै हुँदैछ र उनीहरूमा शिक्षा प्रति जागरण बढ्दै आएको छ भन्ने कुरा दर्शाउने खालका केही लेखहरू पनि यी छापामा आएका छन्। जस्तैः 'दोलालघाटका माझीहरू विद्यालय जान थाले', 'आदिवासी बोटेहरू शिक्षाप्रति जागरूक' 'पिछडिएका माझी जातिमा शैक्षिक जागरण' इत्यादि।

**बैचारिक लेख**

जनजातिको समग्र आन्दोलनका बारेमा राजनैतिक, धार्मिक, सामाजिक, साँस्कृतिक, दार्शनिक दृष्टिकोणहरू लगायतका अन्य वहसयोग्य विषयहरूमा सम्बन्धित विज्ञहरूका विचारले नै यस आन्दोलनलाई निश्चित दिशातर्फ डोऱ्याइरहेको हुन्छ। भाषा, संस्कृति, धर्म, आरक्षण, जातीय स्वशासन, आत्म निर्णयको अधिकार, प्राकृतिक स्रोत माथिको अधिकार जस्ता सवाललाई लिएर जनजातिले अघि बढाएको आन्दोलनलाई समृद्धितर्फ बढाउन यस्ता वैचारिक लेखहरूको भूमिकालाई महत्वपूर्ण नै मान्नुपर्दछ। तर अध्ययनभित्र परेका यी छापाहरूमा जनजातिसम्बन्धी विचारमुलक लेखहरू न्यून नै छन्। यसैले नेपालका छापाहरूले जनजातिका सवालमा वैचारिक वहसका लागि फराकिलो धरातल दिन कञ्जुस्याइँ नै गरेका छन् भन्न सकिन्छ।

साप्ताहिक पत्रिकाहरू खास गरी *जनादेश, हाँक, जनआस्था, जनएकता जन धारणा* जस्ता वामपन्थी झुकाव राख्ने पत्रिकाले राजनैतिक वहसलाई नै धेरै छोएका छन्। नत्र भने अरू क्षेत्रमा वहस थालनीकै अवस्था छ भन्न सकिने स्थिति छ।

विचारमुलक लेखलाई नियालेर हुर्दा मुख्यतया दुई किसिमिले विचारको प्रवाह भएको देखिन्छ – पहिलो सम्पादकीय मार्फत आएका प्रकाशनका आफ्नै दृष्टिकोण र दोस्रो, अन्य व्यक्तिहरूका अवधारणाहरू। तर पत्रिकामा अन्तर्वार्ता मार्फत बेलाबखतमा विज्ञ व्यक्तिहरूका विचारहरू पनि आइरहेको देखिन्छ भने सम्पादकलाई चिठी मार्फत सर्व साधारणले समेत आफ्नो धारणा राखेको पाइन्छ। त्यस्तै राजनैतिक पार्टीहरूका दृष्टिकोणहरू चुनावी घोषणा पत्र र अन्य दस्तावेजहरूलाई पनि पत्र पत्रिकाहरूले स्थान दिएको पाइन्छ। यी सबै थरी दृष्टिकोणहरूलाई हामीले यसै खण्डमा समेट्ने कोशिश गरेका छौं। विषय वस्तुका हिसावले विचारमुलक लेखलाई निम्नानुसार वर्गीकृत गरी विश्लेषण गरिएको छ।

१. **राजनीतिः** जनजातिहरू राज्य सत्ताबाट टाढा छन् र उनीहरूलाई राजनैतिक नेतृत्व गर्ने अधिकारबाट बञ्चित गराइएको छ। त्यसैले उनीहरू यसका लागि आन्दोलनरत छन्। त्यस्तै देशमा जनजातिको संख्या धेरै भएकाले राजनैतिक पार्टीका भोट व्याङ्कका रूपमा पनि जनजातिहरू मानिएका छन्। त्यसैले ती पार्टीहरूले आफ्नो राजनैतिक मुद्दामा जनजातिलाई पनि समेट्न खोजेको पाइन्छ। यिनै दुई थरी कुराहरू अध्ययन भित्र परेका छापामा देख्न पाइन्छ। दैनिक, मासिक र पाक्षिक प्रकाशनले राजनैतिक सवाललाई लिएर थोरैमात्रै लेखहरू छापेका छन्। त्यस्तै *देशान्तर, पुनर्जागरण, समकालीन, विमर्श, घटना र विचार* जस्ता साप्ताहिकले नै पनि यो सवाललाई त्यति महत्व दिएको देखिदैन। तर वामपन्थी झुकाव राख्ने साप्ताहिक प्रकाशनहरूले यसलाई विशेष स्थान दिएर बारम्बार यस्ता लेखहरू प्रकाशित गरेका

छन्। *जनादेश* जनजाति सम्बन्धी लेखहरू प्रकाशनको संख्याको हिसावले अग्रस्थानमा छ।

यी छापाहरूमा निर्वाचनका बखतमा जनजातिले कसलाई भोट हाल्नुपर्छ भन्ने देखि लिएर चुनावी घोषणा पत्रका तुलनात्मक विवरण र अन्य राजनैतिक दस्तावेजहरू प्रकाशित गरेका छन्। ने.क.पा. (माले), ने.क.पा. (मसाल), ने.क.पा (एकता केन्द्र), ने.क.पा. (माओवादी), ने.म.कि.पा., मा.ले.मा., राष्ट्रिय जनमुक्ति पार्टी आदिले जनजातिका सवालमा स्पष्ट धारणा राखेका तर नेपाली काङ्ग्रेस, नेकपा एमाले, रा.प्र.पा., सद्भावना आदि पार्टीले जातीय समस्याको ठोस समाधान नखोजी जातीय समानताको अमूर्त नारा दिएर खाली भोट तान्ने रणनीति बनाएको आरोपका लेखहरू आएका छन्। केही लेखकहरूले सामन्ती हिन्दू राजतन्त्रात्मक संसदीय पद्धतिमा जातीय मुक्ति सम्भव छैन भन्ने विचार राखेका छन् भने केही लेखकहरूले जातीय स्वशासन लागू गर्नु पर्ने र आत्म निर्णयको अधिकार स्वीकार गर्नु पर्ने जस्ता मागहरू राखेकाछन्। जातीय स्वशासन के हो र कस्तो खालको (एकात्मक वा संघात्मक) जातीय स्वशासन नेपालको लागि आवश्यक छ भन्ने बारेमा निकै वहस यी पत्रपत्रिका मार्फत भएको छ। केहीले विद्यमान राज्यसत्ता अन्तर्गत नै शान्तिपूर्ण र चुनावी तरिकाले आत्मनिर्णय र जातीय स्वशासन प्राप्त गर्न सकिने कुरा उठाएका छन् भने केहीले यसको प्राप्तिका लागि नयाँ जनवादी सत्ता अन्तर्गत मात्रै सम्भव भएकोले त्यसको निमित्त सशस्त्र जनयुद्ध अपरिहार्य रहेको ठहर गरेका छन्। राष्ट्रिय सभालाई जातीय सभा वनाइनुपर्ने आवाज पनि यी लेखहरूमा उठेको पाइन्छ।

वामपन्थी झुकाव राख्ने छापाका अधिकांश लेखकहरूले भने मार्क्स, एंगेल्स, स्टालिन, लेनिन र माओका उक्तिले पुष्टि गर्दै जातीय मुक्ति वर्गीय मुक्ति विना सम्भव छैन भन्ने विचारधारालाई अघि सारेका छन्। उनीहरूका अनुसार कुनै पनि वर्गीय समाजमा वर्ग संघर्ष प्रमुख रहने गर्दछ र वर्ग संघर्षसित राष्ट्रिय जीवनका सबै सवालहरू गाँसिएका हुन्छन्, त्यसैले नेपालको जातीय सवाललाई पनि वर्ग संघर्षसित गाँसेर हेर्नु पर्दछ।

जातीय मुक्ति र वर्गीय संघर्षको प्रश्नबारे वालकृष्ण काउछा मगरको विचार छ– "जनजातीय आन्दोलन आन्दोलनका लागि मात्र होइन। यो त मुक्ति प्राप्तिको लागि हो। जसले गर्दा वर्गीय संघर्षको प्रश्न यसको सबैभन्दा उत्कृष्ट र न्यायको पक्षमा उठेको प्रश्न हो। यसैको माध्यम जातीय संघर्षको समाधानको उपाय हो" (*जनधारणा,* १२ कार्तिक २०५५)

*जनादेश*मा अखिल नेपाल जनजाति संघ, मगरात राष्ट्रिय मुक्ति मोर्चा, तामाङ राष्ट्रिय मुक्ति मोर्चा, थारूवान राष्ट्रिय मुक्ति मोर्चा, खम्बुवान राष्ट्रिय मुक्तिमोर्चा, तमू ह्यूल मछ्याँ मोर्चा, नेवाः खलः आदि गठन गर्नुको औचित्यलाई प्रष्ट्याउने लेखहरू देखि लिएर यी मोर्चाका प्रमुख व्यक्तिसंग लिइएको अर्न्तवार्ताहरू प्रशस्तै देख्न

सकिन्छ। यी सबै लेख र अर्न्तवार्ताले माओवादी जनयुद्धसंग जातीय मुक्तिलाई जोड्न खोजेका छन्।

यस्ता विचारहरूको विरूद्धमा नेपाललाई जनजातिको नाममा टुक्राउने प्रयास, देशलाई विखण्डनतिर लगेको, साम्प्रदायिक बनेको जस्ता आरोपका स्वरहरू वामपन्थी झुकाव नराख्ने अखबारमा पढ्न पाइन्छ।

माओवादी जनयुद्धलाई इंगित गर्दै आनन्द सन्तोषी राई लेख्छन्– "नेपाली कांग्रेसलाई नेपालका सबै जाती र धर्म संस्कृति मान्ने जनताको विश्वास प्राप्त छ। त्यसैले अस्थिरता र अवनति चाहने तत्त्वहरू आतंकित भएर जनजातिको नाम भजाएर मुलुकमा अराजकताको नाङ्गो नाच नाचिरहेका छन्।" (*विमर्श*, २० फागुन २०५६)

२. **भाषाः** नेपाल संविधानले नेपालमा बोलिने सम्पूर्ण मातृभाषाहरूलाई राष्ट्रिय भाषा र नेपाली भाषालाई राष्ट्र भाषाको रूपमा मान्यता दिएको छ। तर राष्ट्रिय भाषाको हैसियत के हुने र यसको प्रयोग कहाँ कहाँ हुन सक्ने भन्ने बारेमा केही पनि कुरा स्पष्ट हुन सकेको छैन। राष्ट्रिय भाषाको संरक्षण र सम्वर्द्धनका पक्षमा कुनै नीति नियम र योजना सरकारी पक्षबाट नउठाइएकोमा रोश व्यक्त गरिएका लेखहरू अध्ययन गरिएका छापाहरूमा पढ्न पाइन्छ। जनजातिका भाषा साहित्य र लिपीको विकासका लागि प्रज्ञा प्रतिष्ठान, रेडियो, टेलिभिजन, अखबार, विश्वविद्यालय र भाषा सम्बन्धी अन्य गैर सरकारी निकायहरूले रचनात्मक कार्यक्रम समावेश गर्नु पर्ने आवाज यी लेखहरूमा पाउन सकिन्छ। जनजातिका भाषा र लिपीको संरक्षण र सम्वर्द्धन गर्न स्वतन्त्रता सुविधा र सहयोगका साथै विविध स्तरमा प्रतिष्ठानको स्थापना, अध्ययन एवं प्रशिक्षणको व्यवस्था, मातृभाषामा शिक्षाजस्ता मागहरू पनि यी लेखले उठाएका छन्।

जनजीब्रोमा टाँसिएर बसेका नेवारी, थारू, दनुवारी, लिम्बु, तामाङ, मगर, गुरूङ्ग, थकाली, सुनुवारी, भोजपुरी, मैथिली देखि लिएर राउटे, चेपाङ्ग सम्मका जनभाषाहरूको उपेक्षा गरी जन व्यवहारमा नरहेको मृत प्रायः भाषा संस्कृतलाई विद्यालय स्तरमा अनिवार्य गराइएको, समाचार प्रसारणमा समावेश गरिएको, राष्ट्रको ठूलो धनराशी खर्चेर संस्कृत विश्वविद्यालय संचालन गरिएको विषयमा विरोध गर्दै थुप्रै लेखकहरूले कलम चलाएका छन् भने तिनलाई यी छापाहरूले स्थान दिएका छन्। संस्कृत शिक्षा आवश्यक छ भन्ने विषयमा पनि केही लेखहरू आएको देख्न सकिन्छ।

*जनआस्था, हाँक जनादेश* जस्ता वामपन्थी झुकाव राख्ने पत्रिकाहरूमा केही लेखकहरूले मार्क्स, एन्गेल्स आदि नेताहरूको विचार प्रस्तुत गरेर वर्ग निरपेक्ष भाषिक लडाई व्यर्थ हुन्छ भन्ने कुरा पुष्टि गर्न खोजेका छन्। भाषिक आन्दोलन वर्ग सापेक्षतामा सर्वहारा वर्गीय आन्दोलनको परिधि भित्रै रहेकोले वर्गीय मुक्ति अपरिहार्य हुन्छ भन्ने उनीहरूको निष्कर्ष छ।

कुनै जाति विशेषको भाषालाई लिएर लेखिएका 'थारू भाषामा संस्कृतको प्रभाव', 'मगर भाषा र अक्खा लिपी' जस्ता लेखहरू एक दुइवटा मात्रै छन्। राष्ट्रिय भाषामा रेडियो नेपालले गरेको समाचार प्रसारण आरम्भलाई तीनवटै दैनिकले स्वागत गरी सम्पादकीयमा पारेका छन्। अन्य पत्रिकाले पनि आफ्ना विचार लेख मार्फत उक्त कदमलाई सकारात्मक रूपमा लिएको कुरा स्पष्ट हुन्छ। सम्पादकलाई चिठी मार्फत मातृभाषामा शिक्षा तत्काल लागू गर्न नसकिने र कृषिसँगै भाषा भाषिकाको पनि गणना होस् भन्ने आशयका चिठीहरू *देशान्तर*ले छापेको छ।

काठमाडौं महानगरपालिकाले नेपाल भाषा र राजविराज नगरपालिका एवं धनुषा जिविसले मैथिली भाषालाई कामकाजी भाषाको रूपमा मान्यता दिएपछि सो सम्बन्धमा विभिन्न विवादहरू उत्पन्न भई अन्ततः विवादले सर्वोच्च अदालतको ढोका ढक्-ढक्याउन पुगेको थियो। सर्वोच्चले अन्तरीम आदेश जारी गरी सो गर्न रोक लगाएपछि भाषा विवादले छापामा अरू चर्चा पाउन थाल्यो। २०५५ फागुन २१ गते भाषिक अधिकार, जातीय स्वशासन आदि मागहरू राखेर नेवाःखलःले उपत्यका वन्दको आयोजना गर्‍यो। यस बन्दका औचित्यका बारेमा *जनादेश*ले सम्पादकीय साथै विभिन्न व्यक्तिका विचारमुलक लेखहरू छापेको छ भने बन्दकै सेरोफोरोलाई लिएर पद्मरत्न तुलाधर, मल्ल के. सुन्दर, राजेन्द्र श्रेष्ठ, दिलिप महर्जन आदि व्यक्तिहरूको अर्न्तवार्ता समेत छापेको छ।

२०५६ जेठ १८ गते सर्वोच्च अदालतले नेपाली भाषा बाहेक अन्य भाषालाई स्थानीय निकायमा कामकाजी भाषाको रूपमा प्रयोग गर्न गराउन नमिल्ने भनी फैसला गरेपछि २०५७ जेठ १७, को *जनादेश*ले 'इतिहासमा जेठ अठार' शीर्षक राखी सम्पादकीयमा जेठ अठार गते जनजातिका लागि कालो दिवस हो भनेर छापेको छ।

त्यसपछि भाषिक अधिकार संयुक्त संघर्ष समिति र नेपाल भाषा संघर्ष समितिले संयुक्त रूपमा भाद्र ३० गते बन्दको कार्यक्रम राखेका थिए। तर यसको बारेमा छापाले विचार लेख प्रकाशित गरेको भेटिदैन। भाषाका बारेमा गरिएका यी आन्दोलनलाई राजनीतिक स्वार्थ सिद्धीका लागि गरिएका आन्दोलन भन्ने आरोपका लेखहरू पनि केही छापामा पाइन्छ।

३. **धर्म/संस्कृतिः** अवलोकन गरिएका छापाहरूमा धर्मलाई विषय वस्तु वनाएर लेखिएका लेखहरू कमै भेटिन्छन्। तर जनजातिका विषयमा लेखिएका अन्य विषयहरूमा धर्मको पनि कुरा उठाउने गरिएको पाइन्छ। नेपालको संविधान २०४७ ले नेपाललाई हिन्दू अधिराज्य भनी घोषणा गरेकोले अन्य धर्म मान्नेहरू उपेक्षित हुन पुगेका कुराहरू यी लेखहरूमा पाइन्छ। शरणार्थीका रूपमा आएका व्राह्मणहरूले साथमा हिन्दु धर्म पनि ल्याएका थिए र उनीहरूले आदिवासी जनजाति माथि हिन्दु धर्म बलात् लाद्ने कार्य विगत देखि वर्तमानसम्म गरिरहेका छन् भन्ने आशय यस्ता लेखहरूमा

पाइन्छ। देशलाई नै एउटा धर्मको बाटोमा हिडाउन थालेपछि अन्य धर्मका मानिसहरू माथि स्वतः अन्याय हुने विचार यी लेखहरूमा व्यक्त गरिएको छ।

त्यसैगरी दशैं जनजातिको चाड हो र होइन भन्ने विषयमा लेखकहरूले विभिन्न तर्क अघि सारेर आफ्नो मान्यतालाई पुष्टि गर्न खोजेका छन्। बौद्ध धर्म हिन्दू धर्मको शाखा हो र होइन भन्ने विषयमा तर्क वितर्क हुने गरेको छ। त्यस्तै गरी दशैं वहिष्कार गर्न उक्साउने, धर्मको कुरा ल्याएर विवाद सृजना गर्नेहरू राजनैतिक स्वार्थका लागि यस्तो गरिरहेका छन् र यिनीहरू देशलाई राजनैतिक विखण्डनतिर डोऱ्याउने कोशिश गर्दै छन् भन्ने आरोपहरू पनि छापामा देखिने गरेको छ।

संस्कृतिका बारेमा यी-यी जनजातिका यस्ता-यस्ता खालका संस्कृतिहरू छन् भन्ने किसिमका लेखहरू छापामा प्रशस्तै आए पनि जनजातिका संस्कृतिको संरक्षण, सम्बर्द्धन र उत्थानका लागि के गरिनु पर्छ भन्ने खालका र अन्य वैचारिक सन्देश भएका लेखहरूको अभाव नै देखिन्छ। जनजातीय संस्कृतिको संरक्षण र सम्वर्द्धन गरिनु पर्दछ भन्ने आवाज त विभिन्न किसिमले छापामा आइरहेका नै छन् तर यसरी गरिनु पर्छ भन्ने किसिमको सैद्धान्तिक छलफल यस बारेमा हुन सकेको छैन।

अध्ययन गरिएका छापाहरूले ल्होसारकाबारेमा केही कुरा उठाएका छन्। नेपाल सम्वत्कोबारेमा निकै वहस भएको छ। नेपालको मौलिक सम्वत् भएकोले यो संवत नेवारको मात्र नभइ सबै जनजातिको र अझ सबै नेपालीको संवत हो भन्ने अभिप्रायका लेखहरू प्रशस्तै आएका छन्। नेपाल संवतका बारेमा नेपाल समाचार पत्रले सम्पादकीय, विशेष सम्पादकीय र अन्य लेखहरूका साथै विशेषाङ्क पनि निकाल्ने गरेको छ।

४. **जातीय समस्याः** नेपालमा कृषि युगमा नै नआइसकेका राउटे, चेपाङ्गजस्ता जनजाति र कृषि युगमा आइपुगेका तर आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक दृष्टिले पिछडिएका जनजातिहरू गरी दुई किसिमका जनजातिहरू छन्। तर विगत २ सय ३० वर्ष अगाडि देखि यी जनजातिलाई राष्ट्रिय मूल प्रवाहबाट अलग पारिएकोले उनीहरूले राज्य सत्ता बाटै विभेदपूर्ण व्यवहारहरू गर्ने गरेका पाइन्छ। वर्षौदेखि ब्राह्मणवाद हावी भइरहेको र कथित उच्च जातका व्यक्तिहरूको नै राज्य संयन्त्रमा हाली मुहाली भइरहेको छ। यिनै र यस्तै खालका कुराहरू नै अध्ययन भित्र परेका छापाहरूले जनजातिको समस्याको रूपमा रहेको भनी विचार लेख मार्फत उठाएका छन्।

एक जाति, एक भाषा, एक देश, एक धर्म, एक संस्कृति, एक भेषका पक्षधर ब्राह्मणवादीहरूले देशलाई डोऱ्याइरहेमा जनजातिका सांस्कृतिक र भाषिक विविधता लोप हुने स्थितिमा रहेको चेतावनीका लेखहरू पनि आउने गरेका छन्। यी लेखका लेखकहरूका अनुसार ब्राह्मणवाद भनेको सामन्तवाद हो। यसको विरोध भनेको जातीय

विरोध नभई प्रवृत्तिको विरोध हो। यो एउटा रोग हो र यसले वाहुन क्षेत्री मात्र नभई सबै जात जातिलाई गाँजेको छ। जातीय असमानताका कारण मानिसहरू आफ्नो जात बदल्ने विकृतिको शुरूवात समेत भएको छ। यी कुराहरू पनि अध्ययन भित्र परेका छापाहरूमा पढ्न पाइन्छ। जातीय असमानता र उपेक्षाले उब्जाएका अन्य विकृतिहरूका बारेमा सचेत बनाउने लेखहरू पनि आएका छन्। आदिबासी कसलाई भन्ने? जनजाति कसलाई भन्ने? जस्ता परिचयकै समस्याका कुराहरू पनि उठेका छन्। वर्तमान राज्य व्यवस्थामा शिक्षा, संस्कृति, प्रहरी, प्रशासन, सेना र नीति निर्माण गर्ने निकायहरूमा जनजातिको प्रतिनिधित्व हुन नसकेको कुराले पनि चर्चा पाएको छ।

जनजाति समस्या समाधानार्थ जनजातिहरूको आफ्नै सशक्त संगठन र संघर्षको आवश्यकतातर्फ यी लेखहरूले जोड दिएका छन्।

## निष्कर्ष

जनजातिका बारेमा के कस्ता समाचार र लेखहरू नेपाली छापामा आइरहेका छन् भन्ने विषयमा माथि चर्चा गरियो। यी समाचार र लेखलाई गौर गरेर हेर्दा जनजातिका सवाललाई छापाले यथेष्ट रूपमा उतार्न सकेको देखिदैन। यस अध्ययनमा संख्यात्मक विवेचना नगरिएको भएतापनि जनजाति सम्बन्धी समाचार र लेखहरू थोरै नै आएका छन् भन्न सकिने आधार भेटाउन सकिन्छ। छापा पत्रकारितामा मूल प्रवाहका मानिएका यी प्रकाशनसंग जनजातिका थुप्रै महत्त्वपूर्ण पक्षहरू अझै अछुतो नै रहन पुगेका छन्।

जनजातिको सवाललाई लिएर *कान्तिपुर* दैनिक, *हिमाल* पाक्षिक र साप्ताहिकमा *समकालीन, जनादेश, बुधबार* र *देशान्तर*को निश्चित अवधिको अवलोकन गरी विषय वस्तु विश्लेषण गर्नु भएका महेन्द्र लावती र  कुमार यात्रु (२०५७) का अनुसार उक्त अवधिमा यी पत्रिकाहरूमा जनजाति सम्बन्धी थोरै मात्र समाचार प्रकाशित भए। यो तथ्याङ्कले प्रजातन्त्र पछिका यी वर्षहरूको साझा प्रतिनिधत्व गर्छ भन्ने हाम्रो ठहर रहेको छ। छापाको पहिलो पृष्ठमा जनजाति सम्बन्धी निकै कम समाचार भेटिन्छन्। जनजाति सम्बन्धी सम्पादकीय झन् थोरै छन् भने विचार र खोजमुलक लेख पनि कम नै आएका छन्। तुलनात्मक रूपमा अरूभन्दा रिपोर्टिङ्गका रूपमा केही धेरै समाचार आएको भए पनि ती सबै जसो भित्री पेजको सानो ठाउँमा खुम्चिएका समाचारहरू हुन्।

अहिलेसम्म आइरहेका समाचार र लेखलाई लिएर सन्तोष गर्ने ठाउँ नभएपनि जनजाति आन्दोलनलाई यी समाचार र लेखले सहयोग नै नगरेका भने होइनन्। यी समाचार र लेखहरूको सबल पक्ष र दुर्बल पक्षलाई तल प्रस्तुत गरिएको छ।

**सबल पक्ष**

१. जनजाति आन्दोलनसंग सरोकार राख्ने विविध विषयले रिपोर्टिङ्गका रूपमा पत्रपत्रिकामा स्थान पाएका छन्। जनजाति आन्दोलनमा सम्मिलित संघ संस्थाहरूका गतिविधि र क्रियाकलाप बारेका समाचार पत्र पत्रिकाले रिपोर्टिङ्ग गरिदिंदा तिनको संस्थागत परिचय समाजमा स्थापना गर्न सजिलो हुन गएको छ। यसबाट आन्दोलनमा उपस्थित व्यक्ति तथा संस्थाहरूबीच अन्तर्क्रिया हुनुको साथसाथै आन्दोलनमा चासो राख्ने पाठकहरूले जनजाति आन्दोलन सम्बन्धी काम कारवाहीबारे थोरबहुत थाहा पाउने र त्यसको आधारमा पनि अन्तर्क्रियात्मक गतिविधिमा सम्मिलित हुने वातावरण बन्न थालेको छ। त्यसै गरी संगठीत हुन नसकेका जातिलाई संगठित हुन प्रेरणा मिल्छ भन्ने गठन भइसकेका संघ संस्थाहरू बीच विभिन्न कार्यक्रमहरू र गतिविधिहरू संचालनका लागि स्वस्थ प्रतिस्पर्धात्मक वातावरण पनि सृजना हुन पुगेको छ।

२. सबै जनजाति आदिवासी हुन् कि होइनन् अथवा आदिवासी र जनजातिमा के फरक छ भन्ने कुरा वहसको विषय हो। त्यस्तै उनीहरू आर्य, अनार्य के हुन्? सबै जनजाति मंगोल हुन् कि होइनन् भन्ने विषयमा पनि वहस हुनु जरूरी छ। यी सबै वहसहरू विचार लेख मार्फत अगाडि आउन सकेका छन्। त्यसैगरी भाषा, संस्कृति र धर्म जस्ता महत्त्वपूर्ण सवालमा विज्ञहरूको, राजनैतिक नेताहरूको र जनजातिका नेताहरूको दृष्टिकोण आम पाठकले बुझ्न पाउँछन्। यी विचारहरू गाउँ स्तरीय देखि लिएर केन्द्रीय स्तरकै भावी आन्दोलनलाई गति र दिशा प्रदान गरेका हुन्छन्। यस्ता अधिकांश विचार लेखहरू जनजाति लेखकहरूबाट आएका छन् र यो पक्ष जनजाति आन्दोलनका लागि सकारात्मक छ।

३. खोजमुलक लेखहरूले लोपोन्मुख जाति, भाषा संस्कृतिको यथार्थ स्थिति प्रकाशमा ल्याई सकारी, निकाय, गैर सरकारी निकायका साथै सर्वसाधारण पाठकलाई सचेत गराइरहेका हुन्छन्। जनजातिहरू परम्परागत सीप र कलाको आफ्नो व्यवशायबाट विस्थापित हुन पुगेको तथ्यलाई पनि प्रकाशमा ल्याई चेतावनी दिएका छन्। जनजातिका लुके छिपेका सांस्कृतिक र सामाजिक पक्षलाई यी लेखहरूले उजागार गरेका छन्। उदाहरणको लागि कुनै जनजाति विशेषले मनाउने चाडपर्व र त्यसको संस्कृति झल्काउने नाचको बारेमा अन्य जनजाति र गैर जनजाति पाठकहरूले सिक्ने अवसर पाउँछन्। खोजमुलक लेखले उनीहरूमा विद्यमान कुप्रथा, कुरीति र अन्धविश्वासका विरूद्धमा चेतनाको प्रवाह पनि गरिरहेको छ।

**दुर्बल पक्ष**

१. विभिन्न कार्यक्रमको बारेमा छापामा रिपोर्टिङ्ग आउँदा मूल विषयलाई गौण बनाइएको छ। त्यसलाई उद्‌घाटन गर्ने अतिथि र उसले बोलेका कुरालाई प्राथमिकता दिइरहेको हुन्छ। शिर्षक पनि त्यसै अनुरूपको दिइने गरिएको छ। मन्त्री या प्रधानमन्त्री प्रमुख अतिथिको रूपमा आएर बोलेमा त्यस विषयले प्रथम पृष्ठमा स्थान पनि पाउँछ अन्यथा उस्तै प्रकृतिको कार्यक्रममा जनजातिकै नेता प्रमुख अतिथि बनेको खण्डमा यो समाचार भित्री पृष्ठमा थन्किन पुग्छ। कार्यक्रममा भएका वहसको प्रतिविम्व प्रायः रिपोर्टिङ्गले उतारेका हुँदैन। त्यस्तै धेरै जसो अखबारले राजनैतिक पूर्वाग्रह राखेर रिपोर्टिङ्ग गरेको देखिन्छ।

२. जनजातिका धेरैजसो विषयमा विचारमूलक लेख आएकै छैनन्। जस्तै जनजातिका लागि आरक्षणको मागका विषयमा लेख नै भेटिदैनन्। केही लेखहरूले जातीय संघ संस्थाबाट जातीय मुक्ति सम्भव नभएकोले जातीय मुक्ति मोर्चा बनाउनु पर्ने राजनैतिक आग्रह राखेका छन्। यी लेखले जातीय मुक्तिलाई वर्गीय मुक्ति पछिको एउटा चरण मानेर राजनीतिलाई सबै समस्या समाधानको साध्य मानेका छन्। त्यस्तै करीब ५० देखि ७० जनाको सानो समूहबाट यी सम्पूर्ण विचार लेखहरू आइरहेका छन्। त्यसमा पनि प्रायः पुरुषहरू नै छन्। विचारहरू उही शिर्षकमा उही तर्क राखेर दोहोऱ्याइएको छ। पत्रपत्रिकाले आ–आफ्ना विचार पेजमा विशेष गरेर जनजाति, महिला र सापेक्षित रूपमा कमजोर मानिएका जातिका लेखकहरूले यी जाति माथि लेखिएका लेखहरू समेट्न नसकेको देखिन्छ।

३. खोजमुलक लेखहरूमा जनजाति उत्थान अभियानमा काम गरिरहेका गैर सरकारी संस्थाहरूका कामका बारेमा पर्याप्त विश्लेषणात्मक खोज गरी लेखिएका लेखहरू छैनन्। अधिकांश खोजमुलक लेखमा खोज पुगेको भेटिदैन। यी लेखहरूले विषयवस्तुको सतह कोट्याउने तर गहिरिएर भने नहेरेको प्रतीत हुन्छ। विविध विषयका ऐतिहासिक पाटोबारे खोजमुलक लेख आउन सकेका छैनन्। राजपत्रमा अनुसूचीत गरिएका ६१ वटा जनजातिमध्ये यी अखबारहरूले करीव एक दर्जन जातिको त नामै मात्र पनि उच्चारण गरेका छैनन् भने एक दर्जन जतिको बारेमा एक या दुइवटा समाचार या लेख मात्र आएका छन्। एउटै विषय उस्तै किसिमले दोहोरिएको पाइन्छ। जस्तो कि राउटे र चेपाङ्गका बारेमा धेरै खोजमुलक लेखहरू आएतापनि सबै जसोमा एकै किसिमका कुराहरू पाइन्छन्। कतिपय लेखमा हुँदै नभएका मनगढन्ते कुराहरू छापिने गरेको भन्ने गुनासो सम्बन्धित जातिका मानिसले नै गर्ने गरेको पाइन्छ। लोप हुन लागेको कुसुण्डा जातिका बारेमा यस्ता खोजमुलक लेखहरू आएकै छैनन्। लावती र यात्रु (२०५७:३४) ले भनेझैं मानवीय रूचिलाई ध्यानमा राखेर जनजातिका चाख लाग्दा पक्षलाई फूर्सदमा पढ्ने हिसाबले शनिवार निस्कने थप पेजमा दैनिक प्रकाशनले खोजमुलक लेख छापेका छन्।

माथि उल्लेखित सबल पक्षहरूलाई अझ प्रभावकारी बनाउँदै लैजाने र दुर्बल पक्षहरूलाई हटाउँदै लाने गरेमा मात्र नेपाली पत्रपत्रिकाहरूले जनजातिहरूको सम्पूर्ण सवालहरूलाई न्याय गर्नु सक्छ।[२]

**धन्यवाद**

यो लेख तयार गर्नमा मलाई मद्दत गर्नु हुने प्रत्यूष वन्त, सी.के. लाल, प्रमोद भट्ट, भास्कर गौतम, कुमार यात्रु र देवराज हुमागाईंलाई धन्यवाद दिन चाहन्छु। यो लेख वन्त र पराजुली २०५८ मा छापिएको अध्याय ६ को थोरै परिमार्जित रूप हो।

**सन्दर्भ सामग्री**

पराजुली, शेखर र भास्कर गौतम। २०५८। प्रिन्ट मिडियामा दलित र जनजाति सहभागिताः राष्ट्रिय सर्वेक्षण। *नेपाली मिडियामा दलित तथा जनजाति* मा। प्रत्यूष वन्त र शेखर पराजुली, सं., पृ. २१-५६। काठमाडौंः एकता बुक्स।

लावती, महेन्द्र र कुमार यात्रु। २०५७। नेपाली छापामा उत्पीडित अल्पसंख्यक समुदायको मुद्दा। *जनजाति* २(३)ः ३२-६४।

वन्त, प्रत्यूष र शेखर पराजुली, सं.। २०५८। *नेपाली मिडियामा दलित तथा जनजाति*। काठमाडौंः एकता बुक्स।

२ अहिलेको अवस्थामा सुधार ल्याउन गर्न सकिने उपायहरूको लागि हेर्नुहोस् वन्त र पराजुली २०५८ः १३५-१४५।

## अनुसूचीः विषयवस्तु अध्ययनमा परेका पत्रपत्रिकाहरू

### दैनिक

| | | |
|---|---|---|
| १. | गोरखापत्र | – नियमित २०४७–२०४९, ०५६–०५७ कार्तिक |
| | | – द्वैमासिक स्याम्पलिङ्गः २०५०–०५५ |
| २. | कान्तिपुर | – २०४९–२०५६ |
| ३. | नेपाल समाचारपत्र (आजको समाचारपत्र) | – २०५३–२०५७ भाद्र |

### साप्ताहिक

| | | |
|---|---|---|
| १. | जनादेश | – २०४९–२०५७ साउन |
| २. | जनमञ्च | – २०४७–२०५४ |
| ३. | हाँक | – २०५५–२०५६ |
| ४. | छलफल | – २०५४–२०५६ |
| ५. | प्रकाश | – २०५४–२०५६ |
| ६. | देशान्तर | – २०४७–२०५७ साउन |
| ७. | घटना र विचार | – २०५४–२०५६ |
| ८. | पुनर्जागरण | – २०५४–२०५६ |
| ९. | जन आस्था | – २०५१–२०५६ |
| १०. | जन धारणा | – २०५५–२०५६ |
| ११. | नयाँमोर्चा | – २०५५–२०५६ |
| १२. | जन एकता | – २०५४–२०५६ |
| १३. | समकालीन | – २०५५–२०५६ |
| १४. | विमर्श | – २०५४–२०५६ |
| १५. | दृष्टि | – २०५४–२०५६ |
| १६. | बुधवार | – २०५४–२०५६ |
| १७. | साप्ताहिक | – २०५५–२०५७ साउन |

### म्यागेजिन

| | | |
|---|---|---|
| १. | हिमाल | – २०५३–२०५६ |
| २. | मूल्याङ्कन | – २०५१–२०५६ |
| ३. | एक्काइसौं शताब्दी | – २०५३–२०५७ साउन |
| ४. | काठमाडौं टुडे | – २०५३–२०५६ |
| ५. | एक्रश | – २०५४–२०५६ |